आज मिति २०७७ साल श्रावण १ गते बिहिबारका दिन बेलबारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तह विचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी ज्यू को संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहका प्रमुख, उपप्रमुख लगातको उपस्थितिमा बैठक बस्यो।

**तपशिल**

| क्र.स. | पद | नाम | संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री ज्ञानेन्द्र सुवेदी | बेलबारी नगरपालिका | |
| २ | नगर प्रमुख | श्री दिलिप कुमार अग्रवाल | रंगेली नगरपालिका | |
| ३ | अध्यक्ष | श्री तारा बहादुर काफ्ले | कानेपोखरी गाँउपालिका | |
| ४ | प्र.प्र.अ. | श्री प्रदिप साह | बेलबारी नगरपालिका | |
| ५ | अधिकृत स्तर सातौ | श्री महेन्द्र खड्का | बेलबारी नगरपालिका | |
| ६ | स.क.अ | श्री दिनेश खड्का | बेलबारी नगरपालिका | |

प्रस्तावहरु

१. चिसाङ खोलाको IEE सम्बन्धमा।

२. लागत साझेदारी सम्बन्धमा।

निर्णय नं. १ - बेलबारी नगरपालिका, कानेपोखरी गाँउपालिका र रंगेली नगरपालिकाको क्षेत्रमा रहेको चिसाङ खोला सबै पालिकाको सिमाको रुपमा रहेकोले ढुङ्गा, गिटि, बालुबा, भरोट तथा दहत्तर बहत्तर संकलन तथा बिक्री शुल्क असुलीको संयुक्त रुममा ठेक्का बन्दबस्त गर्नका लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गर्नुपर्ने भएकोहुँदा उक्त कार्य बेलबारी नगरपालिकाबाट गर्ने गरी सहमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. २ - प्रारम्भिक वातावरणिय परिक्षण (IEE) कार्यका लागि अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठकको मिति २०७६।११।२६ को निर्णयानुसार बेलबारी नगरपालिका र कानेपोखरी गा.पाको बजेट व्यवस्थापन गरिएकोमा रंगेली नगरपालिकाको लागत साझेदारी समावेश नभएको हुँदा (IEE) अध्ययनको रंगेली नगरपालिकाले समेत लागत साझेदारी गर्ने निर्णय गरियो।